श्री सर्वोच्च अदालतसमक्ष पेश गरेको

लिखितजवाफ

मार्फतः श्री महान्यायाधिवक्ताको कार्यालय,

रामशाहपथ, काठमाडौं

सम्बत् २०७७ सालको ------------------------------------------------------------------ WC-००७१

राष्ट्रपतिको कार्यालयको तर्फबाट ऐ. का निमित्त सचिव रूपनारायण भट्टराई ---------- लिखितजवाफ प्रस्तुतकर्ता

प्रत्यर्थी

बिरुद्ध

उदय सिंह देउवाको नाति प्रसाद सिंह देउवाको छोरा डडेलधुरा जिल्ला, गन्यापधुरा १ घर भई हाल काठमाडौ जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं.२ बस्ने नेपाली कांग्रेसका पार्टी सभापति शेर बहादुर देउवासमेत------ ---------------------------------------------------------------------------------------- विपक्षी/ निवेदक

मुद्दाः उत्प्रेषणसमेत ।

रिट निवेदकले राष्ट्रपतिको कार्यालय समेतलाई विपक्षी बनाई सम्मानीत अदालत समक्ष दिनु भएको ०७७-WC-००७१ को रिट निवेदनमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश प्राप्त भएको मितिले ७ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भन्ने आदेश सहितको सूचना यस कार्यालयमा मिति २०७८/२/२८ मा प्राप्त हुन आएकोमा म्यादभित्रै निम्न बमोजिम लिखितजवाफ पेश गरेको छुः-

१. सम्मानीत सर्वोच्च अदालतवाट कारण देखाऊ आदेश जारी भई यस कार्यालयमा पठाइएको आदेशमा श्री शेर बहादुर देउवा समेत १४६ जना उल्लेख भएको, सो आदेश साथ प्राप्त पाँचजनाको मात्र हस्ताक्षर भएको रिट निवेदनमा मुलतः राष्ट्रपतिको कार्यालयको मिति २०७८/२/६ मा जारी सूचनाबाट आह्वान भए बमोजिम प्रतिनिधि

सभामा तत्काल कायम रहेको सदस्य संख्याको १४९ जना प्रतिनिधि सभा सदस्यले निवेदकमध्येका शेर बहादुर देउवालाई नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्रीमा नियुक्त गर्न समर्थन गरी सम्माननीय राष्ट्रपति समक्ष दाबी पेश भएको थियो । सो दाबी बमोजिम निवेदक शेर बहादुर देउवालाई नेपालको प्रधानमन्त्रीमा नियुक्त गर्नु पर्नेमा सम्माननीय राष्ट्रपतिबाट दाबी नपुग्ने भनी मिति २०७८/२/७ मा निर्णय भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वको मन्त्रिपरिषद्को मिति २०७८/२/८ को सिफारिसमा प्रतिनिधि सभा विघटन गरी आगामी २०७८/७/२६ र मिति २०७८/८/३ गते प्रतिनिधि सभाको निर्वाचन तोक्ने गरी निर्णय भएको छ । उक्त दुवै निर्णय लगायतका कामकारवाही गैरकानूनी भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ । साथै असंवैधानिक रुपमा विघटन भएको प्रतिनिधि सभालाई पुनःस्थापना गरी प्रतिनिधि सभाको सदस्यको हैसियतले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम निवेदकले मिति २०७८/२/७ मा पेश गरेको दावीका आधारमा प्रधानमन्त्री नियुक्त गर्नु र संविधानको धारा ७६ को उपधारा (५) बमोजिम नियुक्त हुने प्रधानमन्त्रीका लागि समर्थन गरेको आधारमा प्रतिनिधि सभाका सदस्यलाई दल त्याग गरेको भनी कुनै कारबाही नगर्नु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन दाबी रहेछ ।

२. नेपालको संविधान (यस पछि "संविधान" भनिएको) को धारा ७४ मा नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने भन्ने कुरा स्पष्ट उल्लेख छ । दलीय आधारमा सरकार गठन गर्ने संसदीय शासन प्रणालीको सबैभन्दा महत्वपूर्ण आधारभूत विशेषता हो । दलीय व्यवस्थालाई मजबुत बनाउन तथा आवधिक निर्वाचनलाई व्यवस्थित गर्न राजनीतिक दल सम्बन्धी ऐन, २०७३ तथा निर्वाचनसम्बन्धी कानूनहरु जारी भएका छन् । संवैधानिक तथा कानूनीरुपमा नेपालले अपनाएको राजनीतिक प्रणालीमा दलीय आधारमा नै सरकार गठन र सञ्चालनको व्यवस्था गरिएको छ। संविधानको भाग-२९ मा राजनीतिक दल सम्बन्धी व्यवस्था गरी समान राजनैतिक विचारधारा, दर्शन र कार्यक्रमप्रति प्रतिबद्ध व्यक्तिहरुबाट राजनैतिक दल गठन हुन सक्ने एवं निर्वाचन प्रयोजनको लागी निर्वाचन आयोगमा दल दर्ता गर्नु पर्ने र सो प्रयोजनका लागि दलको विधान तथा घोषणापत्र समेत पेश गर्नु पर्ने व्यहोरा उल्लेख गरिएकोछ। दलीय प्रतिस्पर्धावाट नै प्रतिनिधिसभाका सदस्यहरु निर्वाचित हुने हुँदा ती जनप्रतिनिधिलाई दलको अनुशासनमा राख्नको लागि संविधानको धारा ८९(ङ) मा दलत्याग गरेमा संघीय सांसदको पद रिक्त हुने व्यवस्था गरिएको छ । यसवाट नेपालको संविधानले राजनैतिक दल, दलीय अनुशासन र दलीय प्रतिस्पर्धालाई उच्च महत्व दिएको स्पष्ट छ । यसबाट भाग २९ को व्यवस्था, संविधानको धारा ८९(ङ) र धारा ७६ बीच अन्योन्याश्रित सम्बन्ध छ भन्ने स्पष्ट छ । तसर्थ, मुलुकको शासन व्यवस्थाको सञ्चालनका लागी आवधिक निर्वाचनद्वारा दलहरुको जनअनुमोदन हुने र दलीय संरचनाको आधारमा प्रधानमन्त्री नियुक्त हुने, सरकार गठन तथा सञ्चालन हुने कुरा नै वर्तमान संविधानले अंगिकार गरेको राजनैतिक प्रणाली हो ।

३. २०७४ सालमा सम्पन्न निर्वाचन परिणाम बमोजिम संविधानको धारा ७६ को उपधारा (२) बमोजिम श्री केपी शर्मा ओलीको नेतृतवमा सरकार गठन भएकोमा मिति २०७८/१/२७ मा प्रधानमन्त्रीलाई प्रतिनिधि सभामा विश्वासको मत प्राप्त हुन नसकेकोले सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६ को उपधारा (२) बमोजिम मन्त्रिपरिषद् गठनको लागि मिति २०७८/१/३० गते बेलुकी ९:०० बजेसम्मको समय दिई प्रतिनिधि सभाको सदस्यलाई प्रधानमन्त्रीमा नियुक्तिको लागि दाबी पेश गर्न आह्वान भएकोमा सो बमोजिम कसैबाट पनि दाबी पेश हुन नसकेकोले मिति २०७८/१/३० मा तत्कालिन प्रतिनिधि सभामा सबैभन्दा ठुलो राजनीतिक दलको संसदीय दलको नेताको हैसियतले श्री केपी शर्मा ओलीलाई संविधानको धारा ७६ को उपधारा (३) बमोजिम नेपालको प्रधानमन्त्रीमा सम्माननीय राष्ट्रपतिबाट नियुक्त गर्नु भएको हो । संविधानको धारा ७६ को उपधारा (३) बमोजिम प्रधानमन्त्रीमा नियुक्त व्यक्तिले संविधानको धारा ७६ को उपधारा (४) बमोजिम प्रधानमन्त्रीमा नियुक्त भएको तीस दिनभित्र प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गर्नु पर्नेमा प्रतिनिधि सभाको विश्वासको मत प्राप्त हुने भरपर्दो आधार नभएकोले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति सम्बन्धी कार्य हुन मन्त्रिपरिषदबाट निर्णय भई सम्माननीय प्रधानमन्त्रीबाट सम्माननीय राष्ट्रपति समक्ष मिति २०७८/२/६ मा अनुरोध हुन आयो । सो बमोजिम संविधानको धारा ७६ को उपधारा (५) को संवैधानिक व्यवस्था बमोजिम संविधानको धारा ७६ को उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरी प्रधानमन्त्रीको पदमा दाबी पेश गर्न सम्माननीय राष्ट्रपतिबाट तत्कालिन प्रतिनिधि सभाका सदस्यलाई मिति २०७८/२/७ गते साझ ५:०० बजेसम्मको समय दिई आह्वान भई यस कार्यालयबाट सोही बमोजिम सूचना सम्प्रेषण भएको हो । सोलाई निवेदकले अन्यथा भन्न सक्ने अवस्था छैन । तसर्थ, संविधान बमोजिम राष्ट्रपति कार्यालयबाट समय मै सूचना सम्प्रेषण भई प्रधानमन्त्रीको पदमा दाबी पेश गर्न आवश्यक कागजात सहित उपस्थित हुन कोही वञ्चित भएको थिएन ।

४. यस कार्यालयबाट जारी भएको सूचनामा तोकिएको समयभित्र प्रतिनिधि सभाका माननीय सदस्य श्री केपी शर्मा ओलीबाट प्रधानमन्त्री पदमा नियुक्तिको लागि प्रतिनिधि सभाका १५३ जना माननीय सदस्यहरुको समर्थन प्राप्त रहेको भनी नेपाल कम्युनिष्ट पार्टी (एमाले) तथा जनता समाजवादी पार्टीका तर्फबाट अध्यक्ष महन्थ ठाकुर र संसदीय दलका नेता राजेन्द्र महतोको हस्ताक्षर सहितको पत्र संलग्न गरी राष्ट्रपतिको कार्यालयमा सबै भन्दा पहिले दाबी पेश भएको थियो। सो दाबी पश्चात नेपाली कांग्रेसका सभापति एवम् नेपाली कांग्रेस संसदीय दलका नेता तथा प्रतिनिधि सभाका माननीय सदस्य शेर बहादुर देउवालाई प्रधानमन्त्रीको पदमा नियुक्तिको लागि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को केन्द्रीय समितिबाट प्रत्यायोजित अधिकार बमोजिम मिति २०७८/२/७ को निर्णय तथा नेपाली काङ्ग्रेस केन्द्रीय कार्य समितिको मिति २०७८/१/२८ को निर्णय संलग्न राखी प्रधानमन्त्रीको पदमा नियुक्तिको लागि प्रतिनिधि सभाका १४९ सदस्यहरुको हस्ताक्षर सहित राष्ट्रपति कार्यालयमा दाबी पेश हुन आएको हो। यसरी नेपालको संविधानको

राष्ट्रपतिको कार्यालय, राष्ट्रपति भवन, महाराजगञ्ज, काठमाडौं

धारा ७६ को उपधारा (५) बमोजिम सरकार गठनका लागि आव्हान भएकोमा सम्माननीय राष्ट्रपति समक्ष दुईवटा दाबीहरु पेश हुन आए ।

५. उक्त दुवै दाबीकर्ताको निवेदनलाई राष्ट्रपतिको कार्यालयमा दर्ता गरी सम्माननीय राष्ट्रपतिसमक्ष निर्णयको लागि पेश भएकोमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७८/२/७ मा देहाय बमोजिम निर्णय भै सो निर्णय नेपाल राजपत्रमा प्रकाशित समेत भएको छ :-

"प्रतिनिधि सभाका माननीय सदस्य श्री केपी शर्मा ओलीले नेकपा (एमाले) का १२१ र जनता समाजवादी पार्टी, नेपालका ३२ जना सदस्यको समर्थन प्राप्त भएकोले धारा ७६ को उपधारा (५) र (६) बमोजिम प्रधानमन्त्री पदमा विश्वासको मत पाउन पर्याप्त आधार रहेको भनी पत्र पेश गर्नु भएको र जनता समाजवादी पार्टी, नेपालको ३२ जना सदस्यको समर्थन रहेको भनी सो पार्टीको तर्फबाट अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलको नेता श्री राजेन्द्र महतोको हस्ताक्षर रहेको पत्र प्राप्त भएकोमा उक्त दुवै दलका गरी १५३ सदस्यको समर्थन रहेको भनिएकोमा नेकपा (एमाले) का २६ जना सदस्य र जनता समाजवादी पार्टी, नेपालका १२ जना सदस्यले अर्को दाबीकर्ता माननीय श्री शेरबहादुर देउवालाई समर्थन गरी हस्ताक्षर गरेको देखिएको ।

प्रतिनिधि सभाका माननीय सदस्य श्री शेर बहादुर देउवाको तर्फबाट पेश भएको दावीमा नेपाली कांग्रेसका ६१ जना, नेकपा (माओवादी केन्द्र) का ४९ जनाको हस्ताक्षर र सम्वन्धित पार्टीको पत्र तथा जनता समाजवादी पार्टी, नेपालका १२ जना, नेकपा (एमाले) का २६ जना तथा माननीय सदस्य श्री दुर्गा पौडेलको हस्ताक्षरसहित १४९ जनाको हस्ताक्षर रहेको, नेकपा (एमाले) बाट निर्वाचित सदस्यहरुको हकमा पार्टीको तर्फबाट अर्को दलका उम्मेदवारको पक्षमा हस्ताक्षर गरेका सदस्यहरुलाई मान्यता नदिन अनुरोध गर्दै निजहरुको हकमा दलीय अनुशासन विपरीत हस्ताक्षर गरेको पाइए प्रतिनिधि सभाको सदस्य नरहने गरी निश्कासन गरिने हुँदा हाल निजहरुको हस्ताक्षरको मान्यता नहुन भनी पार्टीका अध्यक्ष तथा संसदीय दलका नेताबाट लेखी आएको । यस्तै, जनता समाजवादी पार्टी, नेपालको तर्फबाट पनि पार्टीका सदस्यहरुले पार्टीको आचरण र मर्यादा विपरीत हस्ताक्षर गरिएको बुझिएकोले त्यसलाई अस्वीकृत गरी दिनुहुन भनी उक्त पार्टीका अध्यक्ष श्री महन्थ ठाकुर र संसदीय दलका नेता श्री राजेन्द्र महतोको हस्ताक्षरसहितको पत्र प्राप्त भएको ।

अतः दाबीकर्ता दुवै माननीय सदस्यहरुका समर्थनकर्ता भनिएका सदस्यहरु एक अर्काको दोहोरो परेका, दलको निर्णय विपरीत एकले अर्कालाई समर्थन गरेको समेत देखिएको र सम्वन्धित दललाई मान्यता नदिन लेखी आएको समेत देखिएको र सो सन्दर्भमा नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) समेत आकर्षित हुन सक्ने, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद ६ का विषयहरु समेतलाई ध्यान दिंदै दाबीकर्ता दुवै माननीय सदस्यहरुले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले उक्त उपधारा (५) बमोजिमका दाबीकर्ता दुवै माननीय सदस्यहरुको दाबी नपुग्ने देखिएकोले प्रधानमन्त्री पदमा नियुक्त गर्न मिल्ने देखिएन।"

राष्ट्रपतिको कार्यालय
राष्ट्रपति भवन, महाराजगंज, काठमाडौं

६. नेपालको संविधानको धारा ६६ को उपधारा (२) मा राष्ट्रपतिले आफ्नो अधिकार र कर्तव्यको पालना गर्दा यो संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुनेछ, त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ भन्ने व्यवस्था रहेकोछ । संविधानको पालक र संरक्षकको रुपमा रहने राष्ट्रपतिले विभिन्न कार्यहरू गर्न सक्ने गरी नेपालको संविधानमा व्यवस्था गरिएको छ । जसअनुसार संघीय संसदको अधिवेशनको आह्वान र अन्त्य गर्ने, सो अधिवेशनमा सम्बोधन गर्ने, संघीय संसदका महासचिव र सचिवको नियुक्ती गर्ने, विधेयक प्रमाणीकरण गर्ने, अध्यादेश जारी गर्ने, प्रधान न्यायाधीशको नियुक्ती गर्ने, विभिन्न संवैधानिक अङ्गका प्रमुख एवं सदस्यहरूको नियुक्ति गर्ने, संकटकालीन अवस्थाको घोषणा गर्ने, त्यस्तो अवस्थाको निवारणका लागि आवश्यक आदेश जारी गर्ने र त्यस्तो घोषणा फिर्ता लिने, नेपाली सेनाको परमाधिपतित्व ग्रहण गर्ने, प्रधान सेनापतिको नियुक्ती गर्ने, नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन गर्ने, नेपाली राजदूत र विशेष प्रतिनिधि नियुक्त गर्ने, माफी दिने, उपाधि, सम्मान र विभूषण प्रदान गर्ने समेतको अधिकार राष्ट्रपतिमा रहेको देखिन्छ । यी सबै अधिकारहरूको प्रयोग गर्ने प्रक्रिया पनि संविधानका सम्बन्धित धारामा नै स्पष्टरूपमा उल्लेख गरिएको छ । यी सबै व्यवस्थाहरूबाट राष्ट्रपतिको अधिकार, त्यस्तो अधिकार प्रयोग गर्ने आधार र विधि, राज्यका विभिन्न संयन्त्र र राष्ट्रपतिका बीचको सम्बन्ध र त्यस्तो सम्बन्धलाई अभिव्यक्त गर्ने प्रक्रिया समेत संविधानको तत्तत् धाराहरुमा नै उल्लेख गरिएको छ।

७. कुनै निकाय वा पदाधिकारीको सिफारीशमा नियुक्त गर्ने भन्ने उल्लेख नभएकोमा स्वतः मन्त्रीपरिषद्को सिफारीसमा हुने भन्ने देखिन्छ । तर संविधानले नै केही अधिकारको प्रयोग स्वयं गर्नु पर्ने व्यवस्था गरेको कुरा संविधानको अध्ययनवाट स्पष्ट हुन्छ । संविधानको धारा ११३(३) मा अर्थ विधेयक बाहेक अन्य विधेयक फिर्ता गर्ने र धारा ७६ को प्रधानमन्त्री नियुक्तिको विषय यसै अन्तर्गत पर्दछन् । यस्तो अधिकार लोकतान्त्रिक संबिधान भएका मुलुकमा प्रयोग भएको देखिन्छ र यस्तो व्यवस्था हाम्रो संविधानले पनि गरेको र सोही बमोजिम अभ्यास पनि हुँदै आएको छ । तसर्थ, संविधानको धारा ७६ बमोजिमको प्रधानमन्त्री नियुक्त गर्दा अपनाइने कार्यविधि एवम् निर्णयको लागि राष्ट्रपतिलाई कुनै पदाधिकारीको सिफारिस आवश्यक पर्ने नभई राष्ट्रपतिबाट नै राष्ट्र प्रमुख एवं संविधानको पालक र संरक्षकको हैसियतमा निर्णय हुने विषय हो । धारा ७६ को उपधारा (५) मा उल्लेख भए बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत पाउन सक्ने आधार छ वा छैन भनी यकीन गर्ने अधिकार र कर्तव्य स्वयं राष्ट्रपतिको हो। राष्ट्रपतिबाट धारा ७६ बमोजिम प्रधानमन्त्रीको नियुक्तिको निर्णय हुनु पर्ने संवैधानिक संरचना रहेको र सोही बमोजिम हुँदै आएको छ । धारा ७६(१), (२), (३) र (५) को सरकार गठनको लागि राष्ट्रपतिलाई प्रधानमन्त्री वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिश वा मन्त्रिपरिषदको निर्णय आवश्यक पर्दैन । सो अधिकार राष्ट्रपति स्वयंबाट राष्ट्रप्रमुख एवं संविधानको संरक्षकको हैसियतले प्रयोग र पालना हुने विषय हो ।

राष्ट्रपतिको कार्यालय
राष्ट्रपति भवन, महाराजगञ्ज, काठमाडौं

८. संविधानको धारा ७६ मा मन्त्रिपरिषद् गठन सम्बन्धी व्यवस्था रहेको र उक्त धाराको उपधारा (५) मा "उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्नेछ" भन्ने व्यवस्था गरेको छ। त्यस्तै उपधारा (६) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत लिनु पर्ने व्यवस्था रहेको छ भने उपधारा (७) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ भन्ने स्पष्ट संवैधानिक व्यवस्था रहेको छ। संविधानको धारा ७६ को उपधारा (५) को व्यवस्थाले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको अवस्थामा मात्र उपधारा (२) बमोजिमको सदस्यलाई राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त हुने हो । सम्माननीय राष्ट्रपति समक्षमा पेश गरिएका दुवै दाबी अध्ययन हुँदा प्रतिनिधिसभामा विश्वासको मत पाउने आधार नदेखिएकोले नै दुवै दाबीकर्ता माननीय सदस्यको दाबी नपुग्ने गरी निर्णय गर्नु भएको हो।

९. राष्ट्रपति कार्यालयमा दर्ता भई सम्माननीय राष्ट्रपति समक्षमा पेश गरिएको रिट निवेदकहरु मध्ये श्री शेरबहादुर देउवाको दाबी तथा सो साथ संलग्न कागजातमा दुईवटा दलको मात्र निर्णय साथ राखी पेश भएको, अन्य दलको पत्र संलग्न नभएको र हस्ताक्षरको सिलसिला नमिलेको, प्रतिनिधि सभा सदस्यको दलीय हैसियत नखुलेको अवस्थाको विद्यमानता थियो । त्यस्तै अर्का दाबीकर्ता श्री केपी शर्मा ओलीले आफूलाई समर्थन हुने भनी पेश गरेको दलका सदस्यहरुले अर्का दाबीकर्तालाई समर्थन गरेको देखिएको छ। यसरी उक्त दुवै दाबी राजनीतिक दलको मान्यता एवं दलका सदस्यले पालना गर्नु पर्ने अनुशासन तथा राजनीतिक नैतिकता अनुकुल नदेखिएको अवस्थामा त्यस्तो दुबै दाबीलाई संवैधानिक तवरले विश्वासको मत पाउने विश्वसनीय आधार नदेखी दुवै दाबीकर्ताको दाबी नपुग्ने गरी सम्माननीय राष्ट्रपतिबाट निर्णय भएको हो।

१०. प्रस्तुत विषयमा राष्ट्रपतिज्यूवाट दुई अलग अलग निर्णय भएका छन। पहिलो संविधानको धारा ७६को उपधारा (५) वमोजिमको प्रधानमन्त्री नियुक्तिको लागि प्राप्त दुवै दाबी नपुग्ने सम्वन्धमा भएको निर्णय हो भने दोश्रो उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने सम्बन्धमा भएको निर्णय हो । दोस्रो निर्णय संविधानको धारा ७६ को उपधारा (७) बमोजिम प्रतिनिधि सभा विघटन गर्न र अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन संवत २०७८ साल मंसिर ३ गते शुक्रबार गर्ने गरी मिति २०७८/२/८ को नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट निर्णय भएको र सो निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूबाट सिफारिस भई आए बमोजिम भएको हो । प्रतिनिधि सभा निर्वाचन ऐन, २०७४ को दफा ६ बमोजिम पनि निर्वाचन मिति मन्त्रिपरिषदबाट नै तोक्नु पर्ने हुन्छ ।



राष्ट्रपतिको कार्यालय, राष्ट्रपति भवन, महाराजगञ्ज, काठमाडौं

संविधानको धारा ७६ को उपधारा (७) मा भएको बाध्यात्मक व्यवस्थालाई सम्माननीय राष्ट्रपतिबाट कार्यान्वयन मात्र भएको हो । धारा ७६ को उपधारा (५) बमोजिम नयाँ प्रधानमन्त्री नियुक्ति हुन नसकेको अवस्थामा गरिएको प्रतिनिधि सभाको बिघटन र निर्वाचनको मिति तोक्ने गरी भएको कार्य संविधान अनुरुप छ । उक्त संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न राष्ट्रपतिको कार्यालयबाट भएको कार्य उपर यस कार्यालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन बदरभागी छ।

११. संविधानको धारा ६१ को उपधारा (२) मा संविधान र संघीय कानून बमोजिम कार्य सम्पादन गर्ने जिम्मेवारी राष्ट्रपतिलाई सुम्पिएको छ। सोही धाराको उपधारा (४) ले राष्ट्रपतिलाई संविधानको पालन र संरक्षण गर्ने कर्तव्य राष्ट्रपतिलाई प्रदान गरेको छ। संविधानको धारा ६६ को उपधारा (१) मा राष्ट्रपतिले संविधान वा संघीय कानून बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन हुने हो। यसरी राष्ट्रपतिलाई संविधानले सुम्पिएको जिम्मेवारी पुरा गर्ने सिलसिलामा आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम कारबाहीको विषयमा निज पदमा रहँदा वा सेवा निवृत भएपछि निज उपर मुद्दा नचलाइने भनी "राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४" को दफा १६ व्यवस्था गरी पदीय उन्मुक्ति समेत प्रदान गरिएको छ। त्यसलाई स्वयम् विपक्षीले पनि अन्यथा भन्न सक्ने अवस्था छैन। त्यसैले कसैको सिफारिश बिना राष्ट्रपति स्वयंबाट संविधानबमोजिम सम्पादन भएको कामकारवाही र निर्णय अदालतबाट बदर हुन सक्दैन र अमूक व्यक्तिलाई प्रधानमन्त्री नियुक्ति गर्नू भनी परमादेश जारी हुन सक्दैन । यस्तो माग गर्नु आँफैमा संविधान बिपरीतको बिषय हो भन्ने स्पष्ट छ।

१२. सम्माननीय राष्ट्रपतिबाट निर्णय हुँदा नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम बन्ने प्रधानमन्त्रीले विश्वासको मत पाउने आधार छ वा छैन भन्ने कुरा यकीन गरिएको छ । यस्तो कार्य सम्माननीय राष्ट्रपतिबाट मात्र हुने हो र भएको पनि त्यही हो । संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियक्तिको लागि दुईजना दाबीकर्ताले पेश गर्नु भएको दाबीमा बिश्वासको मत प्राप्त गर्न सक्ने आधार रहे वा नरहेको बिषयमा यकीन गरी निर्णय गर्ने अधिकार र कर्तव्य स्वयं सम्माननीय राष्ट्रपतिको हो । राष्ट्राध्यक्षको हैसियतमा सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६ बमोजिम भए गरेका कामकारवाहीका विषयमा रिट क्षेत्राधिकार आकर्षित हुने होइन र यो बिषय न्यायिक पुनरावलोकनको बिषय पनि होइन ।

१३. अत: उल्लेखित आधार र कारणबाट भएको निर्णयउपर राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन बदरभागी हुँदा खारेज गरिपाउँ।

१४. यस लिखित जवाफका अतिरिक्त रिट निवेदनको सुनुवाईको क्रममा माननीय महान्यायाधिवक्ता तथा सरकारी वकीलहरू र बरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूबाट हुने बहस जिकीरसमेतलाई यस लिखित जवाफको अभिन्न अङ्ग मानी पाउँ ।

१५. यसमा माथि लेखिएको व्यहोरा साँचो छ, झुट्टा ठहरे कानून वमोजिम सहुँला, बुझाउँला ।

लिखितजवाफ प्रस्तुतकर्ता

(रुपनारायण भट्टराई)

निमित्त सचिव

राष्ट्रपतिको कार्यालय

इति सम्वत् २०७८ साल असार महिना ३ गते रोज ५ शुभम् .........